# विश्व व्यापार संगठन (WTO) मा नेपाल र /General Agreement on Tariff andTrade(GATT) मा नेपालको प्रतिबध्दता

मार्ग१६, २०६८

जीव राज कोइराला

# प्रस्तुति संक्षेप

- विश्व व्यापार संगठन र Uof6 (WTO) तथ्यहरु
- Uof6sf] If]q
- संगठनको क्षेत्र
- **ग्याट र WTO मा फरक**
- विश्व व्यापार संगठनको संयन्त्र
- संगठनको परिचय
- संगठनको उद्देश्य
- संगठनका कार्यहरु
- संगठनका सिद्धान्त
- सदस्यता प्राप्तिका तरिकाहरु
- संगठनको सदस्यताको लागि नेपालले द्वयक्त गरेका प्रतिबद्धताहरु
- उपलद्विधहरु र मु्ल्यांकन

# विश्व व्यापार संगठन (WTO) / Uof6 सम्बन्धि केही तथ्यहरु

- सन १९४७ देखि GATT (General Agreement on Tariff and Trade) को रुपमा कार्यरत ।
- बिभिन्न चरणमा बार्ता सम्पन्न
- Geneva 1947
- Annecy 1949
- Torquay 1951
- Geneva 1956
- Geneva (Dillon Round) 1960-61

# विश्व व्यापार संगठन (WTO) / Uof6 सम्बन्धि केही तथ्यहरु .......

- **Geneva (Uruguay Round)(1986-1994)**
- **Geneva (Kenedy Round)(1964-1967)**
- **Geneva (Tokyo Round)(1973-1979)**
- १९९५ जनबरी १ देखि WTO स्थापना
- जेनेभामा मुल कार्यालय रहेको
- करिब ६०० कर्मचारीहरु कार्यरत
- शुरुमा १२३ सदस्य
- हाल नेपाल लगायत १५३ सदस्य
- केप भर्डे १५३ औं सदस्य
- नेपाल २००३ को सेप्टेम्बरबाट १४७ औ सदस्य राष्ट्रको रुपमा प्रबेश गरेको (23 April 2004 Ratification.)
- प्रमुॅखका रुपमा Director General

# ग्याटको क्षेत्र

- १. मारकेश घोषणापत्र
- २. बहुपक्षीय व्यापार वार्ताको उरुगुवे चरणको परिणामलाई मूर्त रुप दिने अन्तिम आलेख
- ३. विश्व व्यापार संगठन स्थापना गर्ने माराकेश सम्झौता
- ४. वस्तुको व्यापार सम्बन्धी बहपक्षीय सम्झौताहरू



# संगठनको क्षेत्र

- वस्तु द्वयापार
- सेवा द्वयापार
- बौध्दिक सम्पति

# ग्याट र WTO मा फरक

| भन्सार महसुल तथा व्यापार सम्वन्धी सामान्य सम्झौता (ग्याट) | WTO |
| --- | --- |
| १. ग्याट १ जनवरी १९४८ देखि लागू भै ३१ डिसेम्वर १९९४ सम्म ४७ वर्ष कायम रह्यो । | १. १ जनवरी १९९५ देखि ग्याटलाई विस्थापित गरी WTO लागू भई रहेको । |
| २. ग्याट तदर्थ र अस्थायी निकाय थियो । | २. WTO को बलियो कानूनी आधार छ जसलाई सदस्य राष्ट्रहरूका सरकार र विधायकहरूद्वारा अनुमोदित अन्तर्राष्ट्रिय सन्धीले श्रृजना गरेको हो । |

# ग्याट र WTO मा फरक........................

| | |
|---|---|
| ३. ग्याट छनौट गर्न सकिने प्रकृतिको बहुपक्षीय सम्झौतासंग सम्वन्धित नियमहरू र कार्यविधिहरूको सेट थियो जुन संविदाकारी पक्षहरूलाई बाध्यात्मक थिएन । | ३. WTOका सम्झौताहरू सवै सदस्यहरूलाई स्थायी एवं बाध्यात्मक छन् । |
| ४. ग्याटका प्रावधानहरूलाई व्यवस्थित गर्न आवश्यक पर्ने स्थायी रुपको कानूनी संगठन थिएन । | ४. WTOको प्रावधानहरूलाई व्यवस्थित गर्न स्थायी रुपको कानूनी संगठन छ । |

# ग्याट र WTO मा फरक

| | |
|---|---|
| ५. ग्याटको विवाद समाधान प्रणाली बिलम्व हुने किसिमको थियो र विवादका पक्षहरूलाई मान्नै पर्ने  बाध्यात्मकता थिएन । | ५. WTO को विवाद समाधान प्रक्रिया द्रुततर निर्णय दिनु पर्ने हिसावबाट व्यवस्थित गरिएको छ र विवाद उपर गरिएका निर्णयहरू पालना गर्नै पर्ने बाध्यात्मक छन् । ग्याट दाँत विहीन थियो भने WTO का दाँतहरू छन् भन्ने भनाइ छ । |

# ग्याट र WTO मा फरक......

| भन्सार महसुल तथा व्यापार सम्वन्धी सामान्य सम्झौता (ग्याट) | WTO |
| --- | --- |
| ६. ग्याट अन्तर्राष्ट्रिय व्यापारसंग सम्वन्धित समस्याहरू बारे छलफल गर्न र समाधान गर्न संविदाकारी पक्षहरूका भेट्ने मञ्च थियो । | ६. WTO भने समुचित रुपले स्थापित नियम संगत निकाय हो जहँ सम्झौताहरू सम्वन्धी निर्णयहरू निश्चित समय भित्र पालना गर्नु पर्छ । WTO सदस्यहरूले कम्तीमा दुई वर्षको एक पटक मन्त्रिस्तरीय सम्मेलन गर्नु पर्छ र यो सम्मेलन नै WTO को सवभन्दा उच्चस्तरीय निर्णय गर्ने निकाय हो । |

# ग्याट र WTO मा फरक......

| | |
|---|---|
| ७. ग्याट नियमहरू बस्तुहरूको व्यापारमा मात्र लागू हुन्थे । प्राविधिक रुपमा कृषि सम्वन्धी वार्ताहरू संभव भएता पनि संविदाकारी पक्षहरू औद्योगिक वस्तुहरूको भन्सार महसुल घटाउन मात्र चाख लिन्थे । पहिलो पटक उरुगुवे चरणमा मात्र कृषि र बस्त्र तथा कपडा सम्वन्धी विस्तृत बहुपक्षीय सम्झौता गर्न सहमत भएका थिए । साथै ग्याटको कार्यक्षेत्र भित्र सेवा सम्वन्धी व्यापार र व्यापार संग सम्वन्धित बौद्धिक सम्पत्ति संरक्षण अधिकार पर्दैनथ्यो । | ७. WTO ले भने बस्तुहरूको व्यापार लगायत सेवा सम्वन्धी व्यापार, व्यापारसंग सम्वन्धित बौद्धिक सम्पत्ति संरक्षण अधिकार, कृषि र बस्त्र तथा कपडाका व्यापार समेत हेर्ने गर्दछ । |
| | |

# परिचय

- विश्वका विभिन्न मुलुकहरुका बीच हुने ब्यापार सम्बन्धी काम कारवाहीमा संस्थागत एवं कानूनी आधार उपलब्ध गराउने उद्देश्यले सन् १९९५ जनवरी १ मा स्थापना भएको अन्तर्राष्ट्रिय संस्था नै विश्व ब्यापार संगठन हो । यस संगठनले नियमको आधारमा विश्वका सबै मुलुकहरुलाई एकीकृत गरी वस्तु र सेवा ब्यापारको क्षेत्रमा सघाउ पुऱ्याउने लक्ष्य राखेको छ । यो संगठन हाल अन्तर्राष्ट्रिय ब्यापार सम्बन्धी वार्ता गर्ने, अन्तर्राष्ट्रिय ब्यापारको सन्दर्भमा उठेका विवादहरुको समाधान गर्ने र ब्यापार नीतिहरुको समीक्षा गर्ने साझा मञ्चको रुपमा रहेको छ ।संगठनमा हाल १५३ राष्ट्रहरु सदस्यहरु रहेकाछ्छन् ।

# उद्देश्य

- विकासशील र अतिकम विकसित मुलुकहरुको आर्थिक विकासमा सहयोग पुऱ्याई अन्तर्राष्ट्रिय व्यापारमा सहभागी बनाउने ।
- भंसार महशुल लगायत व्यापारका अन्य ब्यापारिक अवरोधहरुलाई क्रमशः घटाउदै लगी विश्व व्यापारमा विकासशील र अतिकम विकसित मुलुकहरुको सहभागिताको निस्चिततामा अभिवृद्धि गर्ने ।
- विकासशील र अतिकम विकसित मुलुकहरुका उत्पादनलाई सहज र सुलभ तरिकाबाट अन्तर्राष्ट्रिय ब्यापारमा पहुाच उपलब्ध गराउने ।
- व्यापार उदारीकरणलाई अझ व्यापक गर्दै लैजाने, बहुपक्षीय व्यापार प्रणालीको स्थापना तथा विकास गर्दै लैजाने ।
- अन्तर्राष्ट्रिय जगतमा दिगो विकासको अवधारणा अभिवृद्धि गर्नुका साथै वातावरण संरक्षण र सम्बर्द्धनमा ध्यान पुऱ्याउने ।

# संगठनका कार्यहरु

- संगठनका संझौताहरुको कार्यान्वयन गर्ने ।
- बहुपक्षीय व्यापारसम्बन्धी वार्ताहरुको कार्यमा सदस्य राष्ट्रहरुको साझा मञ्चको रुपमा कार्य गर्ने ।
- व्यापारसम्बन्धी विवाद निराकरणका लागि सहयोगी भूमिका निर्वाहगर्ने ।
- सदस्य राष्ट्रहरुको व्यापार नीतिहरुको सुधारात्मक समीक्षा गर्ने ।
- विश्व आर्थिक नीतिमा संलग्न अन्य अन्तर्राष्ट्रिय निकायहरुसंग सहयोगात्मक सम्बन्ध कायम गर्ने ।

# संगठनका सिद्धान्त:

- पारदर्शिता/निश्चितता
- स्वदेशी उद्योगलाई भन्सार दरको माध्यमबाट सरक्षण ।
- अति सौविध्य प्राप्त ब्यवहार (Most Favoured Nation Treatment)
- समान सुविधा (National Treatment)

# सदस्यता कसरी प्राप्त गरिन्छ ?

- मन्त्रीस्तरीय बैठकहरु
- महाशभाबाट
- सदस्यताका प्रकार

- Accession
- Original Members

# निर्णयको लागि संयन्त्र

- मन्त्रीस्तरीय बैठक प्रत्यक दुइ दुइ बर्षमा
- बिभिन्न कमिटिहरु
- महाशभा (General Council) आबश्यक्तानुसार
- २९ सम्झौताहरु र ५० भन्दा मन्त्रीस्तरीय निर्णयहरु

# WTO सदस्यताबाट ग्याटमा नेपालको प्रतिबद्धता



- तत्कालिन प्रतिबद्धता
- कार्यगत प्रतिबद्धता
- ब्यापार उदारीकरण सघाउने कार्यमा सुधार गर्ने प्रतिबद्धता

# तत्कालिन प्रतिबद्धता

- भेदभाव रहित व्यापार गर्ने :
- (क) अति सौविध्य प्राप्त मुलुकको सुविधा प्रदान गर्ने ( Most Favoured Nation Treatment )
- सामान्य हिसावमा सदस्य राष्ट्रहरू बीच भेदभाव गर्न नपाइने । एउटा सदस्य राष्ट्रलाई भन्सार महसुल एवं अन्य व्यापारिक विषयहरूमा दिइएको विशेष सुविधा सवै सदस्य राष्ट्रहरूलाई दिनै पर्ने अर्थात् कुनै सदस्य राष्ट्रको कुनै वस्तुमा कम भन्सार महसुल दर कायम गर्ने र सोही बस्तुमा अरु कुनै सदस्य राष्ट्रलाई बढी भन्सार महसुल दर गरी फरक गर्न नपाइने ।
- यस सिद्धान्तका केही अपवादहरू छन् :
- (अ) एउटा क्षेत्र भित्र केही सदस्य राष्ट्रहरू मिली क्षेत्रीय व्यापार सम्झौता गरी अन्य सदस्य राष्ट्रहरूलाई दिइएको सुविधा भन्दा कम बढि गर्न सकिने ।
- (आ) सेवा व्यापार क्षेत्रमा फरक फरक प्रतिवद्धता व्यक्त गर्न सकिने । अर्थात् सदस्य बन्ने क्रममा खुल्ला गरिएका सेवा क्षेत्र / उपक्षेत्रहरू प्रत्येक राष्ट्रले बेग्ला बेग्लै संख्या र शर्तहरू राख्न सक्ने भएको हुँदा फरक फरक हुन सक्ने ।
- (ई) विकसित सदस्य राष्ट्रहरूले विकासोन्मुख सदस्य राष्ट्रहरूलाई आम रुपमा प्राथमिकता ( Generalized System of Preferences)लाइ निरन्तरता दिन पाइने ।

# तत्कालिन प्रतिबद्धता...........

- (ख) भेदभाव रहित राष्ट्रिय व्यवहार (ल्बतष्यलबी त्चभबतकभलत) गर्ने ।

१. भन्सार नाकाबाट निर्धारित भन्सार महसुल तिरी नेपाल भित्र प्रवेश पाइसकेका बस्तुहरूको व्यापारमा आफ्नो देशको उत्पादित बस्तु भन्दा फरक गर्न नपाइने ।

- २. बार्ताको माध्यम मार्फत खुल्ला व्यापार ( Free Trade ) गर्ने ।
- ३. भन्सार दरको उच्चतम सीमाकन गरी भविष्यवाणी गर्न सकिने ( Predictable ) बनाइने ।
- ४. स्वच्छ प्रतिस्पर्द्धा( Fair Competition ) को अभिवृद्धि गर्ने ।
- ५. विकास र आर्थिक सुधार ( Development and Economic Reform) लाई प्रोत्साहन दिने ।

# कार्यगत सहमति र संस्थागत सुधारका लागि व्यक्त गरेका मूख्य मूख्य प्रतिबद्धताहरु

- विश्व व्यापार संगठनको सदस्यता प्राप्तगर्ने कममा अतिकम विकसित मुलुकहरुले पाउन सक्ने सुविधाका बिषयमा स्पष्ट ब्याख्या ।
- बढी दरमा भंसार सीमाङ्कन ।
- कृषि क्षेत्रमा तत्काल ५१ प्रतिशत र अन्तरिम अवधि (३ वर्ष) पश्चात् ४२ प्रतिशत तथा गैरकृषि क्षेत्रमा तत्काल ३७ प्रतिशत र अन्तरिम अवधि पश्चात् २४ प्रतिशत भंसार सीमाङ्कन दर रहने गरी प्रतिवद्धता जनाइएको ।
- आयात गरिएका वस्तुहरुमा भंसार बाहेक लाग्ने कृषि सुधार शुल्क, स्थानीय विकास शुल्क र विशेष शुल्क जस्ता अन्य महशुल तथा शुल्कहरु (Other duties and charges) २ वर्षदेखि १० वर्षको समयावधिभित्र शुन्यमा सीमाङ्कन गर्ने गरीएको ।
- नेपालको पूर्वाधार विकास, विदेशी लगानीको आकर्षण तथा प्रतिस्पर्धाका दृष्टिले संभाब्य नेपालका सम्बन्धित क्षेत्रगत नीति तथा कानूनहरु निर्माण, संशोधन तथा परिमार्जन गर्ने कार्ययोजना प्रस्तुत गरी भंसार मूल्यांकन ब्यापारमा प्राविधिक अवरोध, वौद्धिक सम्पत्ति अधिकार, मानव, पशु तथा वनस्पति स्वास्थ्य सूरक्षा सम्बन्धी कानूनहरु संगठनको प्रावधान अनुकूल निश्चित समयावधिभित्र तयार गर्ने प्रतिवद्धता जनाइएको छ ।
- करीव ६८ सेवा उपक्षेत्रहरुमा शर्तसहित नेपालको बजार खुला गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।
- सेवा क्षेत्रमा प्रकृति हेरी विदेशी लगानीको अनुपात ५१ प्रतिशतदेखि ८० प्रतिशतसम्म कायम गरिएको छ ।

| S.No. | Laws/Regulations/ Administrative Decisions | Present status till March 11 |
|---|---|---|
| 1. | Instrument of Ratification of WTO Agreement | 24 April, 2004, Nepal became 147th member of WTO |
| 2. | Income Tax Act 2002 | In force |
| 3. | Bankruptcy/Insolvency Act | Enacted in November 2006. |
| 4. | Foreign Exchange (Regulating) Act 2002 (Amendment) | In force |
| 5. | Competition Act | Enacted in October 2006. |
| 6. | Export Import (Control) Act 1957 (Amendment) | Amendment adopted on November 2006. |
| 7. | Export Import (Control) Regulations 1978 (Amendment) | Regulation is being reviewed. |
| 8. | Customs Act, 1962 (Amendment) | New Customs Act enacted in August 2007 |
| 9. | Customs Regulation, 1969 (Amendment) | New Custom Regulation 2007 enforced |
| 10. | Instruments of Ratification<br>For United Nations Convention on Contracts for the International Sale of Goods (Vienna, 1980) | Under Consideration. |

# Cont…

| | | |
|---|---|---|
| **12.** | **Nepal Standards (Certification Mark) Act, 1980 (Amendment)** | **Under Consideration.** |
| 13. | Nepal Standards (Certification Mark) Regulations, 1982 (Amendment) | Regulation will be revised after enactment of Act. |
| 14. | Decision on the establishment of Inquiry Points | The Bureau of Standards and Metrology has been designated as an enquiry point for TBT (prior to 1 January, 2004) |
| 15. | Plant Protection Act 1972 (Amendment) | New plant protection Act enacted on 13 September,2007 |
| 16. | Plant Protection Regulation 1975 (Amendment) | New plant protection Regulation enacted in October, 2009 |
| 17. | Instrument of International Plant Protection Convention (IPPC) | Approved membership since 8 May, 2006. |
| 18. | Seed Act 1998 (First Amendment) | Amended on January 24, 2008. |
| 19. | Decision on the establishment of Inquiry Points | Department of Food Technology and Quality control has been designated as an enquiry point for SPS(1st Jan. 2004) |

# Cont....

| | | |
|---|---|---|
| **22.** | **Copyright Act 2002 (Amendment)** | **Amended in 2002** |
| 23. | Instrument of Ratification of Bern Convention for the Protection of Literary and Artistic Works 1971 | Nepal ratified Bern Convention on Oct. 11, 2005. |
| 24. | Plant Resources Act* | MoFSC is going to initiate the Task |
| 25. | Access to Genetic Resources Act* | Under consideration in Ministry of Law And Justice |
| 26. | Pharmaceutical Act, 1978 (Amendment) | Transitional period for least developed countries has been extended until 2013. |
| 27. | Cyber Act | Enacted in 2006. |
| 28. | Foreign Investment and Technology Transfer Act, 1992. (Amendment) | Under consideration in the Ministry of Industry |
| 29. | Foreign Investment and Technology Transfer Regulations | Under consideration. |
| 30. | Industrial Enterprises Act, 1992 (Amendment) | Preliminary draft prepared. |
| 31. | Industrial Enterprises Regulations | Preliminary draft prepared. |

# Cont…..

| | | |
|---|---|---|
| 35. | Company Act, 1997 (Amendment) | New company Act adopted on November 10, 2006. |
| 36. | Nepal Bar Council Act, 1992 (Amendment) | Under consideration. |
| 37. | Nepal Chartered Accountants (First Amendment) Act, 2002 | |
| 38. | Insurance Act, 1992 (Amendment) | Nepal Insurance Board has prepared preliminary draft of amendments. |
| 39. | Securities Exchange Act, 1982 (Amendment) | Amended in November,2006 |
| 40. | Bank and Finance Institution Act | Enacted on November 6, 2006. |
| 41. | Health Institutions Operating Act | Under consideration. |
| 42. | Decision on the establishment of Inquiry Points | MOCS has been designated as an enquiry point for services sector. |

# Summary of LAP Implementation

| S. No. | Particulars | Total | Completed | Need to be completed |
|---|---|---|---|---|
| 1 | Acts | 26 | 13 | 13 |
| 2 | Regulations | 7 | 3 | 4 |
| 3 | Conventions/ Agreements | 4 | 3 | 1 |
| 4 | Policies | 2 | 1 | 1 |
| 5 | Inquiry Points | 3 | 3 | 0 |
| | | 42 | 22 | 20 |

# उपलव्धिहरुको मूँल्यांकन

- पारदर्शितामा सुधार
- अति कम बिकशित मुलुकको नेतृत्व गर्ने अबसर
- नीति नियममा निरन्तरता
- स्वबिबेकीय अधिकारको कटौती
- नीतिगत निश्चितता



# मन्त्रीस्तरीय बैठकहरु

- Geneva, 30 November – 2 December 2009 (7)
- Hong Kong, 13–18 December 2005 (6)
- Cancún, 10–14 September 2003(5)
- Doha, 9–13 November 2001 (4)
- Seattle, November 30 December 3, 1999 (3)
- Geneva, 18–20 May 1998(2)
- Singapore, 9–13 December 1996 (1)

- धन्यवाद

